सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा

०७९-WO-१३५५

मुद्दाः उत्प्रेषण परमादेश।

वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारी समेत ------------------------------------ निवेदक

विरूद्ध

सम्माननीय प्रधानमन्त्री पुष्प कमल दाहाल, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाण्डौं नेपाल समेत ---------------- विपक्षी

निवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री बालकृष्ण न्यौपाने, डा. श्री सुरेन्द्र भण्डारी, श्री टिकाराम भट्टराई, श्री इश्वरी भट्टराई, श्री ध्रुवलाल श्रेष्ठ र विद्वान अधिवक्ताहरु श्री राम बहादुर राउत, श्री स्वागत नेपाल समेत तथा सरिक हुन पाउँ भनी निवेदन दिई उपस्थित हुनुभएका विद्वान अधिवक्ताहरु श्री दिपेन्द्र झा, श्री मोहना अन्सारी, श्री सुनिल कुमार पटेल, श्री रमण कुमार कर्ण, श्री सुनिल कुमार यादव, श्री रक्षाराम चमार, श्री दिप नारायण शाह, श्री इन्द्र प्रसाद अर्यालसमेतले गर्नुभएको बहससमेत सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने भए आधार कारण सहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद वाहेक १५ दिन भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना पठाई म्याद भित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु।

साथै निवेदकले अन्तरिम आदेशसमेत जारी गरी पाउँ भनी गरेको माग सम्बन्धमा विचार गर्दा, प्रस्तुत निवेदनमा उठाएको विषयवस्तुको प्रकृति र गम्भीरतालाई हेर्दा दुवै पक्ष बिच छलफल गरी निष्कर्षमा पुग्न आवश्यक र उपयुक्त देखिएकोले मिति २०८०/०२/२६ गते छलफलको निमित्त झिकाउनु र सो मिति सम्म सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०८०।२।१७ मा

प्रमाणीकरण भएको नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७९ कार्यान्वयन नगर्नु नगराउनु यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ को उपनियम (२)(ख)बमोजिम अल्पकालिन अन्तरिम आदेश जारी गरिदिएको छ। सोको जानकारी विपक्षीहरुलाई दिई नियमानुसार गर्नु।

न्यायाधीश

इति संवत् २०८० साल जेष्ठ २१ गते रोज १ शुभम् ------------------------------------।